# हरिपुर नगरपालिका कार्यालय

## हरिपुर, सर्लाही

बजार ठेक्का सम्वन्धी सूचना

प्रथम पटक प्रकासित मिति २०७८।०४।२९

### सुचना नं. : १/२०७८/०७९

यस कार्यालयबाट २०७८।०७९ तथा उल्लेखित अवधीको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ को खण्ड ग अनुसार देहायको शर्त बमोजिम तपसिलमा उल्लेखित हाट बजारको ठेक्का बन्दोवस्ती गरी सेवा शुल्क (आय) संकलन गर्नु पर्ने भएकोले इच्छुक ब्यक्ति वा कम्पनीले यस नगरपालिकाबाट दरभाउ पत्र फाराम खरिद गरी तपसिलमा उल्लेखित समय अवधी भित्र पेश गर्न हुन सम्वन्धीत सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

सूचना नं. १।२०७८।०७९ ठेक्का बन्दोवस्ती गर्न प्रयोजनको लागि हाटबजारको नाम र न्युनतम् तथा फाराम दस्तुर ।

| सि.नं | ठेक्काको किसिम | वजार लाग्ने क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १.१ | हरिपुर गुदरी बजार | हरिपुर बजार | ३,३०,०००।०० | १०००।- | |
| १.२ | लक्ष्मीपुर गुदरी बजार | लक्ष्मपिर बजार | २,२१,०००।०० | १०००।- | |
| १.३ | पिडारी गुदरी वजार | पिडारी बजार | १,८८,२००।०० | १०००।- | |
| १.४ | चिताइन गुदरी बजार | चिताइन बजार | ४०,०००।०० | १०००।- | |
| १.५ | मजुर्वा गुदरी बजार | मजुर्वा बजार | १,००,०००।०० | १०००।- | |
| १.६ | हजार विघा गुदरी बजार | हजारविघा बजार | १०,०००।०० | १०००।- | |

<u>शर्तहरू</u>

१.ठेक्का अवधि मिति २०७८ भाद्र १ गते देखि २०७९ आषाढ मसान्त सम्म हुनेछ ।

२.आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी एन.आई.सी. एशिया वैंक हरिपुर शाखा स्थित यस हरिपुर नगरपालिकाको खाता नम्बर ०४५२०५००२५९४९००८ मा जम्मा गरि सो को अर्धकट्टी सकलै भौचर र नागरिकता प्रमाणपत्रको प्रतिलिपी सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

३.सिलबन्दी दरभाउपत्र दाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्ने छ ।अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४.सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर,शुल्क सिलबन्दी दरभाउपत्र दाता स्वयंले ब्यहोर्नुपर्ने छ ।

५.स्वीकृत भएको कवोल रकम सम्वन्धीत ब्यक्ति वा फर्म कम्पनी...............ले सम्झौता गर्नपुर्व सम्पुर्ण एकमुष्ट रकम नगदै वा यस कार्यालयको नाममा एन आई सी एशिया वैंकमा संचालनमा रहेको आन्तरिक राजश्व खाता नं. ०४५२०५००२५९४९०१० मा रकम जम्मा गरेको सक्कलै भौचर आनिवार्य पेश गर्न पर्नेछ। उक्त कवोल गरिएको रकम एकमुष्ट भुक्तानीमा १० प्रतिशत छुट दिइनेछ ।

६.हरिपुर नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरू तिर्नुपर्ने वक्यौता देखेमा ठेक्का सम्झौता पछी पनि असुल उपर गर्नु पर्ने रकम असुल गरिनेछ।

७.सिलबन्दी दरभाउपत्र स्वीकृती भएको मितिले ७ (सात ) दिन भित्र सिलबन्दी दरभाउपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा धरौटी रकम जफत गरी नियमानुसार कवोल गर्ने अर्को ब्यक्ति वा फर्मसंग ठेक्का सम्झौता गरिनेछ।

८.जुन व्यक्ति वा फर्मको नाउबाट सिलबन्दी दरभाउपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नाउबाट मात्र सिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ ।अन्य व्यक्ति वा फर्मको नाउबाट दर्ता गराएको सिलबन्दी दरभाउपत्र मान्यता दिईने छैन ।साथै हुलाक सेवा ,कुरियर आदीबाट पठाएको सिलबन्दी दरभाउपत्र स्वीकार्य हुने छैन । सिलबन्दी खाममा कुन कुन ठेक्काको लागि सिलबन्दी दरभाउपत्र दाखिला गरेको हो स्पष्ट रूपले खुलाउनु पर्नेछ। साथै सिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट रूपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ।

९.पर्न आएको सिलबन्दी दरभाउपत्र स्वीकृत ी गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०.यो सूचना प्रकाशित भएको मितिले पन्ध्र औ दिन भित्र सिलबन्दी दरभाउपत्र फाराम हरिपुर नगरपालिका कार्यालयबाट खरिद गरी १६ औ दिनको १२:०० वजे भित्र हरिपुर नगरपालिका कार्यालय, हरिपुर सर्लाहीमा दर्ता गराउनु पर्ने छ र सोही दिनको २:००वजे सिलबन्दी दरभाउपत्र  खोल्ने कार्य हुनेछ।

११.सिलबन्दी दरभाउपत्र खरदि गर्ने दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

११.सिलबन्दी दरभाउपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै यस सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरू प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१२.ठेक्का स्वीकृत भएको ब्यक्ति, फर्म, कम्पनीले गुदरी बजारको क्षेत्र भित्र मात्र सेवा शुल्क दस्तुर लिनु पर्नेछ।

१३.ठेकेदारलाई नगरपालिकाले तोकि दिएको सेवा शुल्क दस्तुर भन्दा बढी लिन पाउने छैन।

१४.ठेक्का स्वीकृत भएको ब्यत्ति, फर्म, कम्पनीले सवैले देखिने गरी गुदरी बजार क्षेत्रको उपयुक्त स्थानमा सेवा शुल्क दस्तुर सम्वन्धी सुचना बोर्ड राख्नु पर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका, सर्लाही